# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, जेष्ठ १४ गते, २०७६ साल (अतिरिक्ताङ्क ४

## भाग १

### प्रदेश सरकार

### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कर्णाली प्रदेश सहकारी विधेयक, २०७५

**प्रस्तावना:** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप प्रदेश भित्रका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्तामाझ छरिएर रहेको श्रम, सीप र पूँजीलाई एकीकृत रूपमा परिचालन गरी समाजमा रहेको गरिवी, बेरोजगारी र सामाजिक विभेदको अन्त्य गर्न, प्रदेशको आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान अभिवृद्धि गर्न, सहकारीका सर्वमान्य सिद्धान्तहरूको अनुसरण गर्दै सुशासनको माध्यमबाट सहकारी क्षेत्रलाई दीगो र भरपर्दो बनाउन, विभेद रहित ढंगले सबै किसिमका सहकारी उद्योग व्यवसायहरूको स्थापनालाई मार्गप्रशस्त गर्न, व्यवस्थापनमा सदस्यहरूको नियन्त्रणको संरक्षण र सम्वर्द्धन गर्दै स्वायत्त, स्वतन्त्र र स्वनियमनको सफल अभ्यासलाई आत्मसात गरी सक्षम र सवल सहकारी

अभियानको विकास गर्न सहकारी संघसंस्थाहरूको दर्ता, सञ्चालन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश सहकारी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन कर्णाली प्रदेशभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा २७ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ।

(ख) "कसूर" भन्नाले दफा १०३ बमोजिमको कसूर सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको एकासगोलको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, बाजे, बज्यै, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनु पर्छ।

(च) "रजिष्ट्रार" भन्नाले दफा ८९ बमोजिम तोकिएको प्रादेशिक रजिष्ट्रार सम्झनु पर्छ।

(छ) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको विभिन्न प्रकारका बचत रकम सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रादेशिक मन्त्रालय सम्झनु पर्छ।

(झ) "मुख्य कारोबार" भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ।

(ञ) "लेखा सुपरिवेक्षण समिति" भन्नाले दफा ४६ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ।

(ट) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा २५ बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनु पर्छ।

(ड) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ।

(ढ) "सदस्य" भन्नाले सहकारी संस्थाको शेयर सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनु पर्छ।

(ण) “समिति” भन्नाले दफा ३९ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(त) “सहकारी मूल्य” भन्नाले स्वावलम्वन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ।

(थ) “सहकारी व्यवसाय” भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनु पर्छ।

(द) “सहकारी सिद्धान्त” भन्नाले स्वच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्छ।

(ध) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ।

(न) “साधारण सभा” भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनु पर्छ।

(प) "सहकारी संस्था" भन्नाले संस्था वा संघ सम्झनुपर्छ र सो शब्दले सहकारी बैङ्कलाई समेत जनाउँछ।

(फ) "संघ" भन्नाले दफा १३ बमोजिम दर्ता भएको जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, र विशिष्टिकृत सहकारी संघ सम्झनु पर्छ।

## परिच्छेद–२

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) कम्तीमा पच्चीस जना नेपाली नागरिकहरू आपसमा मिलि विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा तथा लक्षित समूहहरूले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन्।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तिमा एकसय जना र नगरपालिका क्षेत्रमा कम्तीमा पचास जना नेपाली नागरिकहरूको सहभागिता हुनुपर्ने छ।

(४) यस दफाबमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) वा (३) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार

वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

४. **<u>जिल्ला विषयगत सहकारी संघको गठन</u>**: सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १३ बमोजिम दर्ता भई सञ्चालनमा रहेका उहि विषयका कम्तीमा एघार वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर, नेपाल सरकारले "क" वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छ वटा संस्थाहरू आपसमा मिलि जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

५. **<u>जिल्ला सहकारी संघको गठनः</u>** (१) सहकारी ब्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पन्ध्र वटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

तर, नेपाल सरकारले "क" वर्ग भनि तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा सात वटा संस्थाहरू आपसमा मिलि जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

(२) यसरी संघ गठन गर्दा दर्ता भएका जिल्ला भरिका पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघहरू समावेश गरिएको हुनुपर्नेछ।

६. **<u>प्रदेश विषयगत सहकारी संघको गठनः</u>** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँच वटा जिल्लाका पच्चीस वटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी संघहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर, यसरी संघ गठन गर्दा प्रदेश भरी दर्ता भएका पचास प्रतिशत भन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनुपर्नेछ।

७. **<u>प्रदेश सहकारी संघको गठनः</u>** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन दफा १३ बमोजिम दर्ता भएका कम्तीमा पाँच वटा जिल्लाका एकतीस वटा संस्थाहरू वा जिल्ला सहकारी विषयगत संघहरू वा जिल्ला सहकारी संघहरू वा प्रदेश विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी संघ गठन गर्न सक्नेछन्।

तर, यसरी संघ गठन गर्दा प्रदेश भरी दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघहरू समावेश गरिएको हुनुपर्ने छ।

८. **<u>विशिष्टिकृत सहकारी संघको गठन</u>**: (१) दफा १३ बमोजिम दर्ता भएका कम्तीमा दश वटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले

आपसमा मिलि पर्यटक होटल, जलविद्युत आयोजना, प्राङ्गारिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडिबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ती गर्न विशिष्टिकृत सहकारी संघको गठन गर्न सक्नेछन।यो पूर्ण रुपले व्यावसायिक संस्था हुनेछ।यसलाई कुनै संघ, महासंघमा चुन्ने र चुनिने अधिकार रहने छैन।

(२) उपदफा (१) बमोजिम गठित संस्थाको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **<u>संघ गठन गर्न नसकिने</u>** : दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ, एक प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिने छैन।

१०. **<u>प्रदेश सहकारी बैङ्कको गठन</u>**: (१) संस्था वा संघको बचत स्वीकार गर्ने, त्यस्तो संस्था वा संघलाई ऋण प्रवाह गर्ने वा बैङ्किङ्ग सेवा उपलब्ध गराउने उद्देश्य लिई संस्था वा संघ आपसमा मिली नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिई प्रदेश सहकारी बैङ्क गठन गर्न सकिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएका बखत सञ्चालनमा रहेको राष्ट्रिय सहकारी बैङ्कले प्रदेशभित्र शाखा विस्तार गर्दा प्रदेश सरकारको स्वीकृत लिनुपर्नेछ।

(३) सहकारी बैङ्कहरूको गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **<u>दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने</u>**: कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्नु हुँदैन।

१२. **<u>दर्ताको लागि दरखास्त दिनु पर्ने :</u>** (१) यस ऐन बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागि दफा ३ बमोजिमका संस्था, दफा ४ बमोजिमका जिल्ला विषयगत सहकारी संघ वा दफा ५ बमोजिमका जिल्ला सहकारी संघ भए रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष र दफा ६ बमोजिमका प्रदेश विषयगत सहकारी संघ, दफा ७ बमोजिमका प्रदेश सहकारी संघ, दफा ८ बमोजिमका विशिष्टिकृत सहकारी संघ वा दफा १० बमोजिमका प्रदेश सहकारी बैङ्क भए रजिष्ट्रार समक्ष तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्ने:-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

१३. **<u>दर्ता गर्नु पर्ने:</u>** (१) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरू छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा रजिष्ट्रार वा निजले तोकेको अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी तोकिएको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ :-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको।

(घ) तोकिए बमोजिमका अन्य आधारहरू पूरा भएको।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका दुई वा सो भन्दा बढी महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दफा १२ को उपदफा (१) बमोजिमको अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सो को पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

१४. **दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा १३ को उपदफा (१) मा उल्लेखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा, त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र

विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुनेगरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सो को जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ।

**१५.** <u>**सहकारी संस्था संगठित संस्था हुने:**</u> (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

**१६.** <u>**सहकारी संस्थाको कार्यक्षेत्र:**</u> (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा महानगरपालिका र उप-महानगरपालिका क्षेत्रमा सम्बन्धित महानगरपालिका वा उप-महानगरपालिकाको एक वडा पर्ने गरि कम्तीमा दुई स्थानीय तह,

(ख) अन्यको हकमा देहायका आधारमा एक भन्दा बढी स्थानीय तहसम्म :

(१) सदस्यहरूवीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्नेछ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यको बसोबासको प्रकृति, पायक पर्ने स्थान, स्थानीय अवस्थिति र तोकिए बमोजिम व्यावसायिक आवश्यकताका आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिनेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन अनुसार कायम भएको मानिनेछ।

तर, यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक वर्ष भित्र देहायका विवरण खोलि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष यो ऐन प्रारम्भ हुँदाका बखत सम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछ।

(क) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यावसायिक सेवा सञ्चालनको अबस्था र

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(५) उपदफा (४) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भए पछि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरि सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछ।

(क) उपदफा (५) को खण्ड (क) बमोजिमको विवरणमा उल्लेखित सदस्यता विस्तार नभएको वा तोकिएको संख्या भन्दा कम सदस्यता विस्तार भएको वा भौगोलिक निरन्तरता नभएको जिल्ला, स्थानीय तह र वडा झिकि कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (५) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै ब्यवसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपात भन्दा कम रकम वा

अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकि कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यावसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकि उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यावसायिक एवं प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला, विषयगत संघ वा जिल्ला संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन जिल्ला, स्थानीय तह वा वडा झिकि उपयुक्त कार्यक्षेत्र कायम राख्ने।

(६) उपदफा (५) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले उपदफा (२) को अधिनमा रहि त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुनः निर्धारण गर्नेछ।

(८) उपदफा (७) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले कार्यक्षेत्र पुनः निर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनः निर्धारणको जानकारी पाएको मितिले पैतिस दिनभित्र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको

निर्णय भए रजिष्ट्रार समक्ष र रजिष्ट्रारले गरेको निर्णय भए मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम प्राप्त निवेदनमा रजिष्ट्रार वा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरि सक्नुपर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(११) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१२) उपदफा (२) र (३) बमोजिम कार्यक्षेत्र विस्तारको प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**१७. संघ तथा सहकारी बैङ्कको कार्यक्षेत्र :-** संघ तथा सहकारी बैङ्कको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

(क) जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघको हकमा एक जिल्ला,

(ख) प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघको हकमा एक प्रदेश,

(ग) विशिष्टिकृत संघको हकमा त्यस्तो संघको प्रकृति हेरी वस्तु वा सेवाको सङ्कलन, वितरण वा प्रवाहको क्षेत्र अनुसार,

(घ) सहकारी बैङ्कहरूको हकमा नेपाल राष्ट्र बैङ्कले तोकिदिए बमोजिम।

**१८. विषयगत आधारमा वर्गीकरणः** सहकारी संस्था वा संघलाई विषयगत आधारमा तोकिए बमोजिम वर्गिकरण गर्न सकिनेछ।

**१९. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :** (१) दफा १३ बमोजिम दर्ता भए पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका

लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त गरेपछि मात्र आफ्नो कारोबार वा सेवा सञ्चालन गर्नुपर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन।

तर, त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानूनबमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सो को जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(५) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(६) उपदफा (५) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संस्था वा संघले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, ब्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्रि वितरण गर्न सक्नेछन्।

तर, प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनुपर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनुपर्नेछ।

(८) संस्था वा संघले उत्पादन गरेको वस्तुहरूको उत्पतिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार तोकिए बमोजिम हुनेछ।

२०. <u>दायित्व सीमित हुने:</u> (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ।

तर, यो ऐन बमोजिम दर्ता भएको सहकारी बाहेक अरु कुनै व्यक्ति, फर्म वा कम्पनी वा अन्य कानून बमोजिम दर्ता हुने कुनै संगठित संस्था वा निकायले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तर प्रयोग गरी कुनै कार्य गर्न गराउन पाउने छैन।

(३) जिल्ला सहकारी संघ र प्रदेश सहकारी संघ गैर नाफामूलक संघ हुनेछ।

२१. **<u>सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने:</u>** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ।

## परिच्छेद–३

## <u>संघ तथा संस्थाका उद्देश्य तथा कार्य</u>

२२. **<u>संस्था वा संघको उद्देश्य:</u>** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक समृद्धि हासिल गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ।

२३. **<u>संघ तथा संस्थाको कार्यः</u>** संघ तथा संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन् :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, स्थानीय तहको निर्देशन पालना गर्ने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने।

२४. **<u>प्रादेशिक सहकारी संघको कार्यः</u>** प्रादेशिक सहकारी संघले सदस्य र संस्थाको हित प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्य गर्ने छ :-

(क) सहकारी मूल्य, मान्यता र सिद्धान्तको परिपालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ग) सहकारी क्षेत्रको प्रवर्द्धनका लागि ब्यावसायिक तथा बजार अध्ययन अनुसन्धान गर्ने गराउने,

(घ) सहकारी क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकारका बिभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने,

(ङ) सहकारी क्षेत्रको प्रवर्द्धनका लागि व्यवसायिक तथा बजार अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(च) शिक्षा, सूचना र तालिम प्रदान गर्ने, गराउने,

(छ) बजार सूचना प्रणालीको विकास गर्ने,

(ज) संस्था र संघहरूबीच पारस्पिरक सहयोग गर्ने, गराउने,

(झ) अन्तरराष्ट्रिय सहकारी अभियानमा पारस्परिक सहयोगमा अभिबृद्धि गर्ने, गराउने,

(ञ) सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने,

(ट) विनियममा उल्लिखित कार्यहरू गर्ने।

## परिच्छेद–४

## विनियम तथा आन्तरिक कार्यविधि

२५. **विनियम बनाउनु पर्ने:** (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका,कार्यविधि र मापदण्डको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम रजिष्ट्रार तथा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी बैङ्कको विनियम स्वीकृत गर्नु अघि रजिष्ट्रारले नेपाल राष्ट्र बैङ्कको परामर्श लिनुपर्नेछ।

२६. **आन्तरिक कार्यविधि बनाउन सक्ने:** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारणसभाले स्वीकृत गरेपछि लागू हुनेछ।

२७. **<u>विनियम र आन्तरिक कार्यविधिमा संशोधनः</u>** (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ।

तर, विनियम पुनर्लेखनको हकमा साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाईबाट अनुमोदन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन वा पुनर्लेखन भएको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ र आन्तरिक कार्यविधि साधारण सभाबाट पारित गरी लागु गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सहकारीले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष स्वीकृतिका लागि पेश गरेको विनियम बढीमा तीस दिनभित्र यो ऐन वा यो ऐन अन्तर्गतको नियमावली वा मापदण्ड बमोजिम भए नभएको जाँची स्वीकृत गर्ने वा कारण सहित अस्वीकृत गरी जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सहकारीले स्वीकृतिका लागि पेश गरेको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट अस्वीकृत भएमा सोमाथि रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी भए रजिष्ट्रार समक्ष र रजिष्ट्रार भए मन्त्रालयमा पन्ध्र दिनभित्र पुनरावेदन गर्न सकिने छ।

(५) उपदफा (४) बमोजिम परेको पुनरावेदन उपर एक्काइस दिनभित्र निर्णय गरी स्वीकृत गर्नुपर्ने भए सोही बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई निर्देशन दिने वा अस्वीकृत गरेको ठीक भए सोही बमोजिम सम्बन्धित सहकारीलाई जानकारी गराउनु पर्नेछ।

(६) विनियम स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–५

## सदस्यता

२८. **संस्थाको सदस्यताः** (१) अठार वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू सहकारी संस्थाको सदस्य हुन सक्नेछन् :-

(क) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक कित्ता शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैरनाफामूलक संस्था, उत्पादन एवं सेवामूलक संस्था र उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन।

२९. **<u>सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः</u>** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिनभित्र समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित ब्यक्तिले त्यस्तो संस्था उपर रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सो को जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ।

३०. **<u>सदस्य हुन नपाउनेः</u>** (१) कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एक प्रदेशको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एकवर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २८ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए तीनवर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ।

तर, यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य र शिक्षा सहकारी संस्थाको हकमा यो उपदफा लागू हुने छैन।

**३१. सदस्य हुन सक्नेः** (१) दफा (४) बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन्।

(२) दफा (५) बमोजिमको जिल्ला सहकारी संघमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(३) दफा (६) बमोजिमको प्रदेश विषयगत सहकारी संघमा प्रदेश भित्रका विषयगत संस्था र जिल्ला विषयगत संघहरू सदस्य हुन सक्नेछन्।

(४) दफा (७) बमोजिमको प्रदेश सहकरी संघमा प्रदेश भित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ,जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन्।

(५) सहकारी बैङ्कहरूमा संस्था र संघ मात्र सदस्य हुन सक्नेछन्।

(६) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**३२. सदस्यताको समाप्तिः** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :-

(क) सदस्यले लिखितरूपमा आफ्नो सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारणसभामा बिना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सो को दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन वा सदस्यता दिन सकिने छैन।

३३. **सुविधा प्राप्त गर्न नसक्ने:** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नु पर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन।

## परिच्छेद –६
## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

३४. **साधारण सभाः** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुने छन्।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा।

३५. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार :-** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भएबमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३६. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

३७. **साधारण सभाको बैठकः** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :–

(क) दफा ४७ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ३८ को उपफा (१) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

(च) दफा ४० को उपदफा (२) बमोजिमको रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरूमध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ।

३८. **विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः** (१) कुनै संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ :-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) सहकारी बैङ्कको हकमा नेपाल राष्ट्र बैङ्कको निरीक्षण तथा सुपरिवेक्षणका क्रममा गम्भिर कैफियत देखिएमा,

(घ) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ४० को उपदफा (२) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सो को प्रतिवेदन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा संस्था,जिल्ला विषयगत सहकारी संघ र जिल्ला सहकारी संघको हकमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले र प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, विशिष्टिकृत सहकारी संघ र सहकारी बैङ्कको हकमा रजिष्ट्रारले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।

तर, पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमतसहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ।

(५) भौगोलिक विकटता र दूरी तथा पाँच सय वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारणसभा गर्दा तोकिए बमोजिम प्रतिनिधित्वमूलक साधारणसभा गर्न सक्नेछन्।

तर, यस्तो प्रतिनिधि तोक्न गरिने सदस्यहरूको भेलामा सो क्षेत्रमा रहेका सदस्यहरूको उपस्थिति एकाउन्न प्रतिशत अनिवार्य हुनुपर्नेछ।

३९. **<u>सञ्चालक समितिः</u>** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा न्यूनतम तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्था वा बैङ्कबाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन।

तर, वार्षिक दुई करोड रुपैयाँ भन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन। वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन

प्रारम्भ भएको मितिले दुई वर्षभित्र सञ्चालक वा कर्मचारीको पदमध्ये एक पद त्याग गर्नुपर्नेछ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

(७) समितिको कार्यावधि तीन वर्षको हुनेछ।

(८) समितिको बैठकसम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **समितिको निर्वाचन:** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित सबै संघ र समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

४१. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तबमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

४२. **सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ४३ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेमा,

तर दफा ३९ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा।

४३. **सञ्चालकलाई पदबाट हटाउन सक्ने:** (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ:-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा।

(छ) विना कुनै सूचना र वस्तुगत आधार विना बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

४४. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुनेः** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट असूल उपर गरिनेछ।

४५. **समितिको विघटनः** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः–

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा उल्लिखित शर्त वा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३८ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले सहकारी बैङ्कको समितिको विघटन गर्नु पूर्व नेपाल राष्ट्र बैङ्कको परामर्श लिनुपर्नेछ र सो सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले दिएको परामर्श बमोजिम गर्नुपर्नेछ।

४६. **लेखा सुपरिवेक्षण समितिको गठनः** (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको

संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

४७. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक-पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापकरूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर

आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन।

## परिच्छेद–७

## बचत तथा ऋण परिचालन

४८. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने :** (१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सो को परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर, यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्था सञ्चालन गर्नु पर्नेछ।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क रजिष्ट्रारले अन्यथा तोकेमा बाहेक संस्थाको कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

(४) बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशत भन्दा बढी हुने छैन।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सो को आधारमा ब्याज लगाउन पाइने छैन।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल खरिद गर्न बाहेक अचल सम्पत्ती खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, कुनै बैङ्क, बित्तिय संस्था, बिमा कम्पनी, जलविद्युत कम्पनी वा अन्य कुनै पनि कम्पनीको शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्न पाउने छैन।

तर, सहकारी बैङ्कको शेयर खरिद गर्न बाधा पर्नेछैन।

(७) सहकारी संस्थाको हित प्रतिकूल नहुने गरी सहकारी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरिद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरूको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न बाधा पर्ने छैन।

(८) यो ऐन प्रारम्भ हुनु अघि कुनै सहकारी संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले अधिकतम तीन वर्ष भित्र बिक्री वितरण वा हस्तान्तरण गरिसक्नु पर्नेछ।

(९) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ।

(१०) सहकारी संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन।

४९. **<u>सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित नेपाल कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ।

(३) सन्दर्भ ब्याजदर निर्धारणका आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

५०. **<u>व्यक्तिगत बचतको सीमाः</u>** सहकारी संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–८
## प्रदेश सहकारी बैङ्कसम्बन्धी व्यवस्था

५१. **<u>पूँजीः</u>** (१) सहकारी बैङ्कको पूँजी साधारण शेयरले मात्र बनेको हुनुपर्नेछ।

(२) सहकारी बैङ्कको न्यूनतम पूँजी नेपाल राष्ट्र बैङ्कले तोकिदिए बमोजिम हुनेछ।

(३) सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिई साधारण सभाबाट प्रस्ताव पारित गरी पूँजी बृद्धि गर्न सक्नेछ।

(४) सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कले समय समयमा निर्देशन गरे बमोजिम आफ्नो पूँजी वृद्धि गर्नुपर्नेछ।

५२. **<u>सहकारी बैङ्कको कार्यः</u>** सहकारी बैङ्कले यस ऐन र यस अन्तर्गत बनेको नियम विनियम तथा प्रचलित नेपाल कानूनको अधिनमा रहि देहाय बमोजिम कार्य गर्न सक्नेछ :-

(क) संस्था वा संघलाई कृषि, उद्योग, सेवा, व्यापार, उर्जा, पर्यटन लगायतका कार्यका लागि स्थिर तथा चालु पूँजीको रूपमा तोकिए बमोजिमको अनुपातमा कर्जा प्रदान गर्न,

(ख) सदस्यबाट बचत स्वीकार गर्ने तथा त्यस्तो बचत भुक्तानी दिन,

(ग) सहकारी क्षेत्रको विकास र प्रवर्द्धनको लागि सदस्य केन्द्रित भई संघ संस्था वा प्रदेश सरकारका निकायसँग वा स्थानीय तहसँग सम्झौता गरी संयुक्त लगानी गर्न,

(घ) सदस्य संख्या वा संघहरूको तर्फबाट जमानतपत्र जारी गर्न, त्यस्तो जमानतपत्र बापत सुरक्षण वा चल अचल सम्पत्ति धितो बन्धक लिन वा तेस्रो पक्षको सहमतीमा जेथा जमानत लिन,

(ङ) आवश्यकता अनुसार संस्थागत कर्जा लिन,

(च) कर्जा, ऋणपत्र आदीको ब्याज असूल गर्न,

(छ) आफूले प्रदान गरेको कर्जाको सदुपयोग भए नभएको सम्बन्धमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्न,

(ज) नेपाल सरकारले जारी गरेका ऋणपत्र वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल खरिद बिक्री गर्न,

(झ) संस्था वा संघ र सोसँग आवद्ध सदस्य बीच सूचना आदान प्रदान गर्न,

(ञ) विद्युतिय उपकरण वा साधनको माध्यमबाट बचत लिन, भुक्तानी दिन, रकमान्तर गर्न,

(ट) आवश्यकता अनुसार ऋण वा पुनःऋण लिन वा दिन,

(ठ) परियोजना प्रवर्द्धनका लागि सहकारी सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता प्राप्त संगठन, दातृ निकाय, बैङ्क लगायतबाट प्राप्त भएको रकम विकास, वित्त

वा कर्जाको रूपमा प्रवाह गर्न वा त्यस्तो स्रोतको व्यवस्थापन गर्न,

(ड) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण गर्न गराउन,

(ढ) नेपाल राष्ट्र बैङ्कको इजाजतपत्र लिई अन्य बैंकिङ्ग कारोबार गर्न।

**५३. ऋण दिन बन्देज:** सहकारी बैङ्कले आफ्नो सेयरको धितो वा जमानतमा ऋण प्रवाह गर्न सक्ने छैन।

**५४. लाभांश वितरण गर्न नहुने:** सहकारी बैङ्कले प्रारम्भिक खर्च अघिल्लो वर्षमा भएको नोक्सानी, पूँजी कोष, जोखिम बेहोर्ने कोष र जगेडा कोष पूर्ति नगरेसम्म लाभांश घोषणा गर्न वा वितरण गर्नु हुँदैन।

**५५. व्यापारिक उद्देश्यले मालसामान खरिद गर्न नहुने:** सहकारी बैङ्कले यस ऐन बमोजिम गर्न पाउने काम कारबाही र आफ्नो प्रयोगको लागि आवश्यक पर्ने मालसामान वा अचल सम्पति तथा दफा ७७ को उपदफा (६) को अवस्थामा बाहेक ब्यापार गर्ने उद्देश्यले मालसामान वा अचल सम्पति खरिद गर्नु हुँदैन।

**५६. हिसाब किताब र स्रेस्ता:** (१) सहकारी बैङ्कले आफ्नो कारोबारको वास्तविक स्थिति देखिने गरी नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत ढाँचा बमोजिमको हिसाब किताब र स्रेस्ताहरू राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको हिसाब किताब र स्रेस्तामा सहकारी बैङ्कको वास्तविक आर्थिक स्थिति, आफूले गरेको लगानी, लिए दिएको ऋण तथा अन्य आर्थिक कारोबारको आम्दानी, खर्चको विस्तृत विवरण र जायजेथा तथा दायित्वको विवरण समेत स्पष्ट रूपमा उल्लेख गरिएको हुनु पर्नेछ।

**५७. नेपाल राष्ट्र बैङ्कले व्यवस्थापन लिन सक्ने:** (१) नेपाल राष्ट्र बैङ्कले देहायको कुनै अवस्थामा रजिष्ट्रार र विभागलाई जानकारी दिई

सहकारी बैङ्कको समितिलाई निलम्बन गरी त्यस्तो बैङ्कको व्यवस्थापन आफैंले वा अन्य कुनै निकायद्धारा गर्न गराउन सक्नेछ :-

(क) सहकारी बैङ्कको लेखापरीक्षण प्रतिवेदन वा सो बैङ्कको निरिक्षण प्रतिवेदनका आधारमा नेपाल राष्ट्र बैङ्कबाट समय समयमा दिइएको निर्देशनको पालना नगरेमा,

(ख) सदस्यको हित विपरीत कुनै कार्य गरी सदस्यलाई हानि नोक्सानी पुर्याएमा,

(ग) सहकारी बैङ्कको सञ्चालन दक्षतापूर्वक र प्रभावकारी रूपमा नगरी सो बैङ्कलाई हानि नोक्सानी पुर्याएमा,

(२) उपदफा (१) बमोजिम सहकारी बैङ्कको समिति निलम्बन गर्नु अघि सहकारी बैङ्कलाई सफाई पेश गर्न कम्तीमा सात दिनको मौका प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सफाईको मौका दिँदा सफाइ पेश नगरेमा वा पेश गरेको सफाइ सन्तोषजनक नदेखिएमा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित बैङ्कको समितिलाई निलम्बन गरी उक्त बैङ्कको व्यवस्थापन आफैले गर्न वा अन्य कुनै निकाय मार्फत गर्न वा गराउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राष्ट्र बैङ्कले सहकारी बैङ्कको व्यवस्थापन आफैंले गर्दा वा गराउँदा रजिष्ट्रार र विभागको प्रतिनिधिलाई समेत सहभागी गराउनु पर्नेछ।

**५८.** **दर्ता खारेजीः** (१) सहकारी बैङ्कले तिर्नु पर्ने ऋण तथा बाह्य दायित्व भुक्तानी गर्न नसक्ने देखिएमा त्यस्तो बैङ्कलाई खारेज गर्नको लागि नेपाल राष्ट्र बैङ्कले रजिष्ट्रारलाई परामर्श दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श दिनु अघि नेपाल राष्ट्र बैङ्कले त्यस्तो सहकारी बैङ्कलाई कम्तीमा पन्ध्र दिनको सफाइको मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ता खारेज गर्न परामर्श प्राप्त भएमा रजिष्ट्रारले दर्ता खारेज गरी दफा ८७ बमोजिम लिक्वीडेटर नियुक्त गर्नु पर्नेछ।

५९. **गोपनियता राख्नु पर्नेः** (१) सहकारी बैङ्कको कारोबारसँग सम्बन्धित खाता, आर्थिक कारोबारका विवरण र स्रेस्ताको गोपनियता कायम राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि बैङ्कको कारोबारसँग सम्बन्धित बहि, खाता, हिसाबको विवरण र स्रेस्ता दिन बाधा पर्ने छैन।

(क) मुद्दा वा अन्य कानूनी कारबाहीको सिलसिलामा अदालतलाई,

(ख) लेखापरीक्षणको सिलसिलामा सम्बन्धित लेखापरीक्षकलाई,

(ग) निरिक्षणको सिलसिलामा सम्बन्धित अधिकारीलाई,

(घ) प्रचलित कानून बमोजिम विवरण माग गर्ने अख्तियारी पाएको व्यक्ति, नियमनकारी निकाय वा अधिकारीलाई,

(ङ) आफ्ना सदस्यलाई।

६०. **तरल सम्पत्ति कायम राख्नु पर्नेः** सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कले तोकिदिए बमोजिमका तरल सम्पत्ति कायम राख्नु पर्नेछ।

## परिच्छेद –९

## आर्थिक स्रोत परिचालन

६१. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था :** (१) संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारीले आफ्नो कूल शेयर पूँजीको दश प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन।

तर, सरकार (संघ, प्रदेश र स्थानीय तह) वा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थाको हकमा यो बन्देज लागू हुने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी बैङ्कले आफ्नो शेयर सदस्यका अतिरिक्त नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायलाई समेत बिक्री गर्न सक्नेछ।

(४) सहकारी संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ।

(५) सहकारी संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

(६) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन।

(७) सहकारी संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन।

६२. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको

मितिले तीन महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(३) सहकारी संस्थाले सबै प्रकारका बचत खाताहरू सञ्चालन गर्न सक्नेछ।

६३. **ऋण वा अनुदान लिन सक्नेः** (१) सहकारी संस्थाले स्वदेशी वा विदेशी बैङ्क वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिनु अघि मन्त्रालयको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

६४. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः** (१) सहकारी संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा त्यसको लागि मन्त्रालय मार्फत नेपाल सरकार अर्थ मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा नेपाल सरकार अर्थ मन्त्रालयले कुनै शर्त तोकिदिएमा सहकारी संस्थाले त्यस्तो शर्तहरूको पूर्णरूपमा पालना गर्नुपर्नेछ।

## परिच्छेद –१०
## संस्थाको कोष

६५. **संस्थाको कोषः** (१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :–

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शूल्क,

(ज) सहकारी संस्था तथा संघको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृती लिनुपर्नेछ।

६६. **जगेडा कोषः** (१) संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ।

६७. **संरक्षित पूँजी फिर्ता कोषः** (१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

(२) दफा ६६ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम तोकिएबमोजिम सदस्यले गरेको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ।

६८. **सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थामा एक सहकारी प्रवर्द्धन कोष रहनेछ।

(२) सहकारी ब्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ६६ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोष मन्त्रालयमा रहनेछ।

(४) कोषको सञ्चालन विधि तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमको अनुपातमा मन्त्रालयले तोकिए बमोजिमको रकम उपलब्ध गराउन सक्नेछ।

(६) उपदफा (१) बमोजिमको कोषमा रहेको रकम मध्येबाट प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, जिल्ला विषयगत सहकारी संघ र जिल्ला सहकारी संघलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त रकम मध्ये कम्तीमा पचहत्तर प्रतिशत रकम सहकारी ब्यवसायको पूर्वाधारमा लगानी गरी बाँकी रकम ब्यवसाय प्रवर्द्धन, शिक्षा, सूचना र तालिम, बजार प्रवर्द्धन, संस्था वा संघको अनुगमन लगायतका कार्यमा खर्च गर्नुपर्नेछ।

(८) उपदफा (६) बमोजिम प्राप्त गरेको रकमको सम्बन्धित संघले अलग्गै अभिलेख राखी प्रचलित कानून बमोजिम लेखापरीक्षण गराई सो को विवरण तोकिए बमोजिम सार्वजनिक गर्नुपर्नेछ।

(९) उपदफा (६) बमोजिमको रकम दुरुपयोग वा अन्य काममा उपयोग भएको पाईएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो रकम असूल उपर गराई कोषको रकम उपलब्ध गराउन रोक लगाउन सक्नेछ।

(१०) सहकारी प्रवर्द्धन कोषमा रहेको रकमको बाँडफाड तोकिए बमोजिम हुनेछ।

६९. **अन्य कोषसम्बन्धी व्यवस्थाः** (१) दफा ६५,६६, ६७ र ६८ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ।

तर, एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी हुने छैन।

## परिच्छेद–११
## अभिलेख र सूचना

७०. **अभिलेख राख्नु पर्ने :** (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिको बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

(२) सहकारी संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

७१. **विवरण उपलब्ध गराउनु पर्ने :** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समयभित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछः-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण।

## परिच्छेद-१२
## लेखा र लेखापरीक्षण

७२. **कारोबारको लेखाः** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

७३. **लेखापरीक्षण :** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभा समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले दफा ७४ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

(६) सहकारी बैङ्कले आफ्नो लेखापरीक्षण सम्पन्न गरि सकेपछि सो को प्रतिवेदन नेपाल राष्ट्र बैङ्कमा समेत दिनुपर्नेछ।

७४. **लेखापरीक्षकको नियुक्तिः** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरिक्षकको पारिश्रमिक तथा सुविधा साधारणसभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

७५. **लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैनः-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा अन्तिम सजाय भइ सो अवधिले तीन वर्ष भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ७४ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको सहकारी संस्थासमक्ष लिखित रूपमा स्वघोषणा गर्नुपर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनु पर्नेछ।

(४) यस दफाको प्रतिकूल हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद – १३

## छुट, सुविधा र सहुलियत

७६. **छुट, सुविधा र सहुलियतः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थालाई देहायबमोजिम छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ।

(क) सहकारी संस्थाले अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु गराउनु पर्नेछैन।

(ख) सहकारी संस्थाले आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

तर,

(१) ब्यावसायिक प्रयोजनका लागि जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा प्रचलित कानून बमोजिम आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्नेछ।

(२) रजिष्ट्रेशन दस्तुर छुट प्राप्त गरि खरिद गरिएको जग्गा जमिन लगायतका अचल सम्पत्ति प्रयोग नगरि बिक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुर फिर्ता गर्नु पर्नेछ।

(ग) सहकारी संस्थाले ऋण लगानी गर्दा वा जमानत बापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा कुनै पनि शूल्क लाग्ने छैन।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सहकारी संस्थाले दफा ६६ को उपदफा (२)को खण्ड (क) बमोजिम जगेडा कोषमा छुट्ट्याईएको रकम, दफा ६८ को उपदफा (२) बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्ने छैन।

तर, संरक्षित पूँजिफिर्ता कोषबाट सदस्यले प्राप्त गरेको रकममा सदस्यका कर दायित्वका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

(३) यस दफामा उल्लिखित छुटहरूका अतिरिक्त औद्योगिक ब्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र पूर्वाधार संरचनाको निर्माण तथा

सञ्चालन वा विषेश उद्योग, ब्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संस्थालाई प्रचलित कानूनबमोजिम त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामिण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहिन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजाति समेतका सिमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पूरै छुट दिन, बीउ पूजी, लागत सहभागिता अनुदान र सहुलियतपूर्ण ऋण लगायतको विषेश वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ।

(५) समय समयमा नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरि तोकिदिएका सबै छुट र सहुलियतहरू त्यस्ता सहकारी संस्थाहरूले प्राप्त गर्न सक्नेछन्।

(६) उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक सहकारी संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत सम्बन्धी व्यवस्था र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१४

## ऋण असुली तथा बाँकी बक्यौता

७७. **ऋण असूल गर्नेः** (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले

लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ।

(४) यस दफाबमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सो को जानकारी सम्बन्धित सहकारी संस्थालाई दिनु पर्नेछ।

(६) यस दफाबमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल

खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

७८. **कालो सूची सम्बन्धी व्यवस्थाः** सहकारी संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखा भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूचीमा प्रकाशन गर्न सकिनेछ।

७९. **कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** (१) एक सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाहसम्बन्धी सूचना प्राप्त गर्ने समेतका कार्य गर्न मन्त्रालयले सरोकारवालाको सहभागितामा एक कर्जा सूचना केन्द्रको स्थापना गर्नेछ।

(२) कर्जा सूचना केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. **कर्जा असुली न्यायाधिकरणः** प्रादेशिक स्तरमा सहकारी क्षेत्रका लागि एक कर्जा असुली न्यायाधिकरण रहनेछ। यसको गठन र सञ्चालन सम्बन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ।

८१. **बाँकी बक्यौता असूल उपर गर्नेः** कसैले सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सो को ब्याज समेत रजिष्ट्रारले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ।

८२. **रोक्का राख्न लेखी पठाउनेः** (१) सहकारी संस्था वा रजिष्ट्रारले दफा ७७ र ८१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। त्यसरी रोक्का राख्दा सम्बन्धित व्यक्तिलाइ अन्याय परेमा निजलाइ प्रचलित कानून बमोजिम उपचार खोज्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री बितरण गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ।

८३. **अग्राधिकार रहनेः** कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको कुनै वित्तिय हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ।

८४. **कार्यवाही गर्न बाधा नपर्नेः** सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद– १५

## एकीकरण, विघटन तथा दर्ता खारेज

८५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्थाः** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकिकरण वा विभाजन हुने निर्णय गरि एकिकरण वा विभाजन हुन चाहाने सहकारी संस्थाले साधारणसभाको निर्णय सहित रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि रजिष्ट्रारले सम्बन्धित सहकारी संस्थालाई एकआपसमा एकिकरण वा विभाजन हुन स्वीकृती दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृती प्राप्त गरेपछि उपदफा (३) बमोजिम निवेदन दिने सहकारी संस्थाले आफ्नो विनियममा संशोधन गरि स्वीकृतीका लागि रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम रजिष्ट्रारबाट विनियम स्वीकृत भएपछि सहकारी संस्थाहरू विधिवत रूपमा एकिकरण वा विभाजन भएको मानिनेछ।

(७) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

८६. **विघटन र दर्ता खारेजः** (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारणसभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिन सक्नेछः–

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ :–

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाईको लागि कम्तीमा तीस दिनको समय दिनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि सहकारी बैङ्कको दर्ता खारेज गर्नु अघि नेपाल राष्ट्र बैङ्कको परामर्श लिनु पर्नेछ।

(७) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्था, संघ वा बैङ्कको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

८७. **लिक्वीडेटरको नियुक्तिः** (१) दफा ८६ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) कुनैपनि सहकारी संस्थाको लिक्वीडेशन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

८८. **लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः** कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –१६
## दर्ता गर्ने अधिकारी

८९. **प्रादेशिक रजिष्ट्रारः** (१) मन्त्रालयले निजामती सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई प्रादेशिक रजिष्ट्रारको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रजिष्ट्रार वा रजिष्ट्रारले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार पूर्ण वा आंशिक रूपमा आफू मातहतको सहकारी हेर्ने अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) सहकारी संस्था वा संघ दर्ता नियमन लगायत आवश्यक कार्य गर्नका लागि प्रदेश रजिष्ट्रारको कार्यालयको स्थापना नभए सम्मको लागि मन्त्रालयले कुनै राजपत्राङ्कित अधिकृतलाई रजिष्ट्रारको कार्य गर्नेगरि तोक्न सक्नेछ।

९०. **काम, कर्तव्य र अधिकार :** (१) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरि सहकारी संस्था दर्ता गरि दर्ताको प्रमाणपत्र दिने,

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रहि सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(३) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रहि सहकारी संस्थाको एकिकरण, विभाजन तथा कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धी कार्य गर्ने,

(४) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा एवं सञ्चालन सम्बन्धी कार्य गर्ने र

(५) माथि उल्लेखित कार्य र यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –१७
## निरीक्षण तथा अनुगमन

९१. **निरीक्षण तथा हिसाब किताब जाँच गर्ने :** (१) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै बखत सहकारी बैङ्क वा तोकिएको भन्दा बढी आर्थिक कारोबार गर्ने संस्थाको हिसाव किताब वा वित्तीय कारोबारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू सहकारी बैङ्कबाट झिकाई निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको कामकारबाही यो ऐन, यस ऐन

अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम सहकारी बैङ्कको निरीक्षण तथा सुपरिवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम सहकारी बैङ्कको निरीक्षण तथा सुपरिवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले रजिष्ट्रारको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(८) नेपाल राष्ट्र बैङ्कले तोकिएको समय र ढाँचामा सहकारी बैङ्कले वित्तीय विवरण र अन्य आवश्यक तथ्याङ्क तथा कागजात नेपाल राष्ट्र बैङ्कमा पेश गर्नु पर्नेछ।

९२. **<u>छानविन गर्न सक्ने</u> :** (१) कुनै सहकारी संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो सहकारी संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा एक चौथाई प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको छानविन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ।

९३. **<u>बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमनसम्बन्धी विशेष व्यवस्थाः</u>** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघको निरिक्षण तथा अनुगमन गर्दा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९४. **<u>मन्त्रालयले निरिक्षण तथा अनुगमन गर्नेः</u>** (१) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएका वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकाले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै श्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो सहकारी संस्थाको निरिक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

९५. **<u>विषयगत संघले सुपरिवेक्षण गर्नेः</u>** (१) बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जिल्ला वा प्रदेश विषयगत संघले आफ्ना सदस्य

सहकारीहरूको स्वीकृत कार्यविधि बमोजिम नियमित सुपरिवेक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षण गरिएको सहकारीको स्वीकृत कार्यविधि बमोजिमको ढाँचामा प्रतिवेदनको एक प्रति जिल्ला विषयगत संघको हकमा प्रदेश विषयगत संघमा र प्रदेश विषयगत संघले रजिष्ट्रारको जानकारीको लागि एकीकृत रूपमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटी फेला परेमा त्यस्तो त्रुटी सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाव वा निर्देशन दिनुपर्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम दिइएको सुझाव वा निर्देशनको पालना नभएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष कारबाहीको लागि तत्कालै लिखित रूपमा जानकारी गराउनुपर्नेछ।

(५) उपदफा (१) बमोजिम बचत तथा ऋणको कारोबार गर्ने सहकारीको सुपरिवेक्षण गर्ने विधि, समय, प्रक्रिया, प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय, सुपरिवेक्षण शूल्क, सुपरिवेक्षण गर्ने व्यक्ति वा कर्मचारीको योग्यता, सुपरीवेक्षकको जवाफदेहिता र उत्तरदायित्व, सुपरिवेक्षण गर्ने व्यक्ति वा कर्मचारीको आचरण, त्रुटीहरू सच्याउन दिइने समय सीमा, कारबाहीका लागि सिफारिश गर्नुपर्ने विषयहरू आदि समावेश भएको "सुपरिवेक्षण कार्यविधि"का आधारमा संघले आफ्ना सहकारीको सुपरिवेक्षण गर्नेछ।

(६) उपदफा (५) बमोजिम तयार गर्ने कार्यविधि साधारण सभामा स्वीकृतिका लागि पेश गर्नुअघि रजिष्ट्रारबाट सैद्धान्तिक सहमति लिनु पर्नेछ।

९६. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** (१) रजिष्ट्रारले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको निरीक्षणसम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र सहकारी बैङ्कको निरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैङ्क समेतलाई उपलब्ध गराउनु पर्नेछ।

(२) कार्यालयले आर्थिक वर्ष समाप्त भएका मितिले एक महिना भित्र आफ्नो कार्यक्षेत्र भित्रको सहकारी संस्था वा संघका वार्षिक प्रतिवेदन रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः–

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थालाई महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्था वा संघले सञ्चालन गरेको दफा २० बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

९७. **सहकारी बचत तथा कर्जा सुरक्षण कोषः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले सहकारी संस्थाहरूको सहभागितामा संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण ब्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्नेछ।

(२) सहकारी बचत तथा कर्जा सुरक्षण कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९८. **आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाले कानुनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरूको

बालीनाली वस्तुभाउ लगायतमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आपसी सुरक्षण सेवा सञ्चालन गर्न संस्थाको न्यूनतम मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९९. **स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः** (१) बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिलेर एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन्।

(२) स्थिरीकरण कोषमा सहभागिता, कोषको सञ्चालन, कोषको उपयोग सम्बन्धी व्यवस्था प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

## परिच्छेद -१८

## समस्याग्रस्त संस्था वा संघको व्यवस्थापन

१००. **संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सिफारिस गर्न सक्नेः** यस ऐनबमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्ट्रारले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पुरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघको कम्तीमा पच्चीस जना सदस्यहरूले रजिष्ट्रार समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

**१०१. <u>लगत तयार गर्ने:</u>** (१) समस्याग्रस्त संस्था वा संघको सम्बन्धमा रजिष्ट्रारले देहाय बमोजिमका लगत तयार गर्नुपर्नेछ :-

(क) समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता वा संस्था वा संघले भुक्तानी दिनुपर्ने व्यक्ति वा संस्थाहरूको नाम नामेशीको,

(ख) समस्याग्रस्त संस्था वा संघको नाममा रहेको वा लगानी गरेको अचल सम्पतिको,

(ग) समस्याग्रस्त संस्था वा संघको समितिको सदस्य कर्मचारी वा निजको परिवारको वा नाता सम्बन्ध भएको व्यक्तिका नाममा वैंक वा वित्तीय संस्थाको खातामा रहेका नगद, सुन, चाँदी जहावरत तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संस्था वा संघले ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्था वा संघको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चलअचल सम्पतिको,

(२) उपदफा १ बमोजिम तयार गरेको लगत समेत दफा १०० बमोजिमको सिफारिस साथ पठाउनु पर्नेछ।

**१०२.** **अधिकार निलम्बन गर्न सक्नेः** (१) यस ऐन बमोजिम कुनै सहकारी संस्था वा संघको निलम्बनको लागि नेपाल सरकारसँग सिफारिस गरेको मितिदेखि समस्याग्रस्त संस्था वा संघको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्था वा संघको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गर्ने गरी नेपाल सरकारले गठन गरेको समितिको निर्णय बमोजिम काम गर्न यस दफाले बाधा पुगेको मानिने छैन।

## परिच्छेद–१९

## कसूर दण्ड जरिवाना तथा पुनरावेदन

**१०३.** **कसूर गरेको मानिनेः** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ :-

(क) दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी सहकारी संस्थालाई हानी नोक्सानी पुर्‍याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै स्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संस्थालाई हानी नोक्सानी पुर्याउने कार्य गरे वा गराएमा,

(त) सहकारी संस्थालाई हानी नोक्सानी पुर्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै सहकारी संस्था वा सो को सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानि नोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

**१०४. <u>असल नियतले गरेको कामको बचाउः</u>** (१) यस ऐनअन्तर्गत बनेको नियम, विनियम वा निर्देशिकाबमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा मन्त्रालय वा रजिष्ट्रारको कार्यालय वा सहकारी संघ संस्थाहरूको पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामुहिक रूपले जवाफदेही हुने छैनन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रक्रिया पूरा नगरी र बदनियतसाथ गरिएको कार्यको कुनै बचाउ हुने छैन।

**१०५. <u>सजायः</u>** (१) कसैले दफा १०३ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक वर्षसम्म कैद र एकलाख रुपैंयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई वर्षसम्म कैद र दुई लाख रुपैंयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन वर्ष सम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज),(झ), (ञ), (ट), (ण) र (त) को कसूरमा बिगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश वर्षसम्म कैद

(२) दफा १०३ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) दफा १०३ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्याउने, कुनै निकाय वा संस्था भए त्यस्तो निकाय वा संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ।

**१०६. <u>जरिवाना हुनेः</u>** (१) दफा ११३ बमोजिम कसैको उजूरी परी वा सहकारी संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैंयासम्म जरिवाना गर्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सो को आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) सहकारी संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा,

(झ) सहकारी संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण,

कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू आफू खुशी परिवर्तन गरेमा,

(घ) कुनै सहकारी संस्थाले दफा १३ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले व्यक्ति वा सहकारी संस्थालाई सफाइ पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

(४) उपदफा(१) वा (२) बमोजिमको जरिवाना गर्ने अधिकारको प्रयोग प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, विशिष्टिकृत सहकारी संघ र प्रदेश सहकारी बैङ्कको हकमा रजिष्ट्रार र संस्था, जिल्ला विषयगत सहकारी संघ र जिल्ला सहकारी संघको हकमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गर्नेछ।

१०७. **रोक्का राख्ने:** (१) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित सहकारी संस्थालाई दफा १०६ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति वा बैङ्क खाता रोक्का

राखी सो को जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

१०८. **दोब्बर जरिवाना हुने:** (१) दफा १०६ बमोजिम जरिवाना भएको व्यक्ति वा सहकारी संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ।

१०९. **नेपाल राष्ट्र बैङ्कले सजाय गर्न सक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राष्ट्र बैङ्कले इजाजत पत्र प्रदान गर्दा तोकेको शर्त, समय समयमा जारी गरेको आदेश वा निरीक्षण, सुपरिवेक्षण वा नियमनको क्रममा दिएको कुनै निर्देशनको उल्लङ्घन गर्ने सहकारी बैङ्कलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) सचेत गराउने वा लिखित चेतावनी दिने,

(ख) सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कबुलियतनामा गराउने,

(ग) बारम्बार हुने उल्लंघन अन्त्य गर्न, त्यसबाट अलग रहन र सुधारात्मक कदम चाल्न लिखित आदेश जारी गर्ने,

(घ) कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने,

(ङ) संस्थाको इजाजत पत्र निलम्बन वा रद्द गर्ने।

(२) सहकारी बैङ्कका सञ्चालक वा कर्मचारीले नेपाल राष्ट्र बैङ्कबाट जारी भएको आदेश, निर्देशन वा इजाजत पत्रको शर्त उल्लङ्घन गरेमा, निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा माग भएको कागजात, विवरण, तथ्याङ्क वा अभिलेख तोकिएको समय भित्र

उपलब्ध नगराएमा वा बचतकर्ता वा सदस्यको हित विपरीत काम गर्ने त्यस्तो सञ्चालकलाई नेपाल राष्ट्र बैङ्कले देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) सचेत गराउने वा नसिहत दिने,

(ख) निलम्बनमा राख्ने,

(ग) पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने,

(घ) तलब, भत्ता लगायतका सम्पूर्ण सुविधाहरू रोक्का राख्न समितिलाई आदेश दिने,

(ङ) त्यस्तो व्यक्ति सञ्चालक भए पदबाट हटाउन वा कर्मचारी भए त्यस्तो कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून बमोजिम कारबाही गर्न सम्बन्धित समितिलाई आदेश दिने।

(३) यस दफा बमोजिम कसैलाई सजाय गर्नुपर्दा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

११०. **अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** मन्त्रालय, नेपाल राष्ट्र बैंङ्क, रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा १०३ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

१११. **प्रदेश सरकार वादी हुनेः** दफा १०३ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा प्रदेश सरकार वादी हुनेछ।

११२. **मुद्दा हेर्ने अधिकारीः** दफा १०३ बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतबाट हुनेछ।

**११३. <u>उजूरी दिने हद म्यादः</u>** (१) कसैले दफा १०५ बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ।

(२) कसैले दफा १०६ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष उजूरी दिनु पर्नेछ।

**११४. <u>पुनरावेदन गर्न सक्नेः</u>** (१) दफा १४ बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ८६ बमोजिम सहकारी संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीको निर्णयउपर रजिष्ट्रार समक्ष र रजिष्ट्रारको निर्णयउपर मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) दफा १०६ बमोजिमको जरिवाना, दफा १०९ को उपदफा १ को खण्ड घ र ङ तथा सोही दफाको उपदफा २ को खण्ड घ र ङ बमोजिम सजायमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः-

(क) रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) रजिष्ट्रार र नेपाल राष्ट्र बैंङ्कले गरेको निर्णय उपर सम्बन्धित उच्च अदालतमा

**११५. <u>असूल उपर गरिनेः</u>** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## परिच्छेद–२०

## विविध

**११६. <u>विवाद समाधान समितिः</u>** सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद समाधानका लागि विवाद समाधान समितिको गठन गर्न सकिनेछ। सो को गठन विधि तोकिए बमोजिम हुनेछ।

**११७. <u>मताधिकारको प्रयोगः</u>** (१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित सहकारी संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिएबमोजिम एक भन्दा बढि प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक संस्था वा संघबाट सम्बन्धित संघको समिति वा लेखा सुपरिवेक्षण समितिमा एक भन्दा बढि व्यक्ति निर्वाचित हुन सक्नेछैन।

**११८. <u>सामाजिक परीक्षण गराउन सक्नेः</u>** (१) सहकारी संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

**११९.** **सहकारी शिक्षाः** (१) नेपाल सरकार वा प्रदेश सरकारले विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी ज्ञान समावेश गर्नुका साथै सहकारी विद्यालय र विश्वविद्यालय अन्तर्गत सहकारी संकाय वा शिक्षालय (स्कुल अफ कोअपरेटिभ) स्थापना गर्न आवश्यक सहयोग गर्न सक्नेछ।

(२) सहकारी शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने सहकारी संस्था वा निकायको प्रमाणीकरण लगायत सहकारी शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२०.** **आर्थिक सहयोग गर्न नहुनेः** सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्य वाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइने छैन।

तर, यसरी सहयोग गर्दा साधारणसभाको निर्णय अनिवार्य हुनुपर्नेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि सामाजिक कार्य भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारीता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ।

**१२१.** **अन्तर सहकारी कारोबार गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन्।

(२) अन्तर सहकारी कारोबार सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

१२२. **प्रोत्साहन गर्न सकिने:** सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ।

१२३. **कर सम्बन्धी व्यवस्था:** कर सम्बन्धी ब्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१२४. **ठेक्कापट्टा दिन नहुने:** सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्कापट्टा दिन हुदैन।

१२५. **विभागीय कारबाही हुने:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेखित अधिकारको बदनीयतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ।

१२६. **सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१२७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :** यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन।

१२८. **प्रचलित कानून बमोजिम कारबाही गर्न वाधा नपर्ने :** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्तिउपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्याएको मानिने छैन।

१२९. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने:** सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी नेपाल कानूनमा भएका व्यवस्थाका साथै तत्सम्बन्धमा जारी मापदण्ड र नेपाल राष्ट्र बैङ्कको वित्तीय इकाईबाट जारी भएका निर्देशनहरूको पालना गर्नु पर्नेछ।

१३०. **<u>नियम, मापदण्ड एवम् निर्देशिका बनाउने अधिकारः</u>** यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम, मापदण्ड एवम् निर्देशिकाहरू बनाउन सक्नेछ।

१३१. **<u>बचाउः</u>** सहकारी ऐन, २०७४ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले,**
**राजेन्द्र प्रसाद भारी**
**प्रदेश सरकारको सचिव**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**